गण्डकी प्रदेश सरकार

# उद्योग तथा पर्यटन मन्त्रालय

पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

प.सं. २०८२/८३ प्रशासन

च.न. ४६६

मिति २०८३।२।१

बिषय - जानकारी तथा सहजिकरण सम्बन्धमा ।

श्री महानगर \ नगर र गाँउ  कार्यपालिकाको कार्यालय सबै

गण्डकी प्रदेश

श्री एकिकृत सेवा कार्यालयहरु सबै

गण्डकी प्रदेश

प्रस्तुत बिषयमा होमस्टे स्तरिकरण प्रयोजनको लागी यस मन्त्रालयको वेभसाऐडमा प्रकाशन भएको सूचना, सत्यापन फारम र होमस्टे बिवरण संकलन फरम यसै पत्र साथ सम्लग्न छ । उक्त सुचना तथा फारमहरु तहाँ पालिका र कार्यालयको वेभसाईडमा राखी प्रचार प्रसार गरिदिनुहुन र कार्य क्षेत्र भित्र सन्चालनमा रहेका सामुदायीक तथा निजी होमस्टेहरुले सूचना तथा फारमहरु प्राप्त गरे नगरेको तथा तोकिएको समयमा फारम भरी फिर्ता पठाउने कार्यमा सहजीकरण गरि दिनु हुन अनुरोध छ । साथै सबै एकिकृत सेवा कार्यालयहरुले उक्त फारमहरु तोकिएको समयमै संकलन गरी मन्त्रालयमा पठाउने ब्यवस्था गर्नुहुन समेत अनुरोध छ ।

..............................

रामममणि ढुंगाना

प्रशासकिय अधिकृत

गण्डकी प्रदेश सरकार

# उद्योग तथा पर्यटन मन्त्रालय

पोखरा, नेपाल

प.सं. २०८२/८३ प्रशासन

च.न.

मिति २०८३।२।४

गण्डकी प्रदेश भित्र संञ्चालनमा रहेका होमस्टेहरुलाई सत्यापन फारम भर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

सूचना प्रकाशन मिति २०८३।२।४

यस मन्त्रालयको वार्षीक कार्यक्रम अनुसर होमस्टेहरुको गुणस्तर मापन तर्जुमा मुल्याङ्कन र स्तरीकरण गर्ने कार्यक्रम रहेकोले मन्त्रालय मातहतका कार्यालयहरु र सम्बन्धित स्थानीय तहहरुमा दर्ता भइ संञ्चालनमा रहेका सामुदायिक तथा निजि होमस्टेहरुले यसै सूचना साथ संलग्न सत्यापन फारम र होमस्टे विवरण सङ्कलन फारम तपसिल अनुसार भरी सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न अनुसारको ठेगानामा अनिवार्य उपलब्ध गराइ होमस्टे स्तरीकरण कार्यमा सहभागी भैदिनुहुन सबै होमस्टे सञ्चालक हरुलाइ अनुरोध गरिन्छ।

तपशिल

- सत्यापन फारम प्रत्येक होमस्टे संञ्चालकले भर्नुपर्ने छ ।
- होमस्टे विवरण संकलन फारम एउटा होमस्टेले एउटा फारम भर्नु पर्ने छ।
- सत्यापन फारममा अङ्कभार समेत समावेश गरिएको छ ।अङ्क दावी गर्दा यथार्थमा आधारित भएर गर्नु पर्ने छ । दावी गरिएको अनुसार छ छैन पछि मन्त्रालय वा मातहतका निकाय बाट आवश्यकता अनुसार स्थलगत अनुगमन गरी सत्यापन गरिने छ ।
- दुवै फारमहरु भरी तोकिएको समयमा सम्बन्धित निकायमा पेस गरी सक्नु पर्ने छ ।
- फारम पठाउने ठेगाना

  -विद्युतीय माध्यम बाट पठाउनको लागि मन्त्रालयको e-mail - motics.gandaki@gmail.com

  -हार्डकपी पठाउनको लागी यस मन्त्रालय वा जिल्ला स्थित एकिकृत सेवा कार्यालयमा बिदाको दिन बाहेक कार्यालय समय भित्र बुझाउन सकिने छ ।

रममणि ढुङ्गाना

प्रशासकिय अधिकृत

थप जाकारिको लागी ९८५६०१६५२१ र ९८५६०३६५५६ मा सम्पर्क गर्न सकिने छ ।